
गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्षः खिमबहादुर कार्की
सम्पादकः नविन शिशिर वि.क.
अतिथि सम्पादकः दिल शिरीष
सह-सम्पादकः अर्जुन कार्की
कार्यालयः काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालयः बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बरः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेलः Jananigrani.bgl@gmail.com
मुद्रणः नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

# कुण्ठा र स्वार्थप्रेरित राजनीति




वीची श्रेष्ठ

राजनीति साह्रै निकृष्ट हुँदोरहेछ । लामो समय माधव नेपालको टिममा रहेर काम गरेका भीम आचार्य र अष्टलक्ष्मी शाक्य संस्थापन पक्षमा रहेर मुख्यमन्त्री बने । त्यो संस्थापनको स्वार्थ थियो कि आवश्यकता; समयले मूल्याङ्कन गर्ला तर त्यही बीचमा बनेको मुख्यमन्त्री पद अहिले धरापमा परेको छ । यो विषयलाई सूक्ष्म विश्लेषण गर्ने हो भने संस्थापनको मुख्यमन्त्री र एकीकृत समाजवादीको विरोधको बीचमा वैचारिक भिन्नता पाउन सकिंदैन । मुख्यमन्त्रीमा दुवैको पदवहाली सँगैको एकीकृतको विरोध र जसरी पनि मुख्यमन्त्रीबाट हटाउने रणनीतिमा राजनीतिक र वैचारिक कारण देखिंदैन ।

किनकि मुख्यमन्त्रीमा दुवैजना अयोग्य पनि होइनन्, यद्यपि कुनैबेला पार्टी अध्यक्ष केपी ओलीले उनीहरूलाई मुख्यमन्त्री बन्न अयोग्य सम्झिएका थिए । अहिले एकीकृत समाजवादीको विरोध भनेको आफूलाई धोका दिएको भन्दा अन्य चित्तबुझ्दो कारण देखिंदैन । यो सबैले पुष्टि हुन्छ, नेपालको राजनीति आवश्यकताको आधारमा हैन, कुण्ठा र स्वार्थबाट प्रेरित छ । जुन पटकपटक पटाक्षेप भइसकेको छ ।

मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य र भीम आचार्यले मुख्यमन्त्री बन्न अथवा पार्टीको मूल संस्थापन धारमा रहने निर्णय अवाञ्छनीय छैन, किनकि लामो समय पार्टीमा गरेको त्याग, तपस्या र योगदानको आधारमा त्यसलाई पदलोलुपता भन्न सकिंदैन । उनीहरूको त्याग पार्टी विभाजन भएपछि मात्रै देख्ने अध्यक्ष ओलीको भूमिकामा पनि कुनै दिन समीक्षा होला । तर, नेताद्वय मुख्यमन्त्री बन्न मात्रै संस्थापनमा नबसेका हुनसक्छन् । पार्टी फुटको औचित्य नदेख्नु, वैचारिक र कार्यदिशा फरक नदेखेपछि एमालेमा रहनुलाई पदको आसक्ति भनिहाल्न नमिल्ला ।

जिम्मेवारी लिनु-दिनु भनेको तपसिल हो । तर संस्थापनमा रहँदा वित्तिकै हिजोसम्म अब्बल नेता सम्झने माधव नेपालले जसरी पनि मुख्यमन्त्रीबाट हटाउने अभिव्यक्ति र व्यवहार भनेको स्वार्थ केन्द्रित मात्र हो । फगत यो कुण्ठा मात्र हो । यसमा कुनै पनि विचार र सिद्धान्तको कुरा छैन । यसले गर्दा पनि माधव नेपालको राजनीति केका लागि भन्ने कुराको पुष्टि भएको छ ।

शक्ति र सत्ताका लागि कालोलाई सेतो र सेतोलाई कालोसम्म भन्न सक्नेहरूको अभिव्यक्ति हेर्दा लाग्दछ, यस्ता नेताहरूको पछाडि लाग्ने भनेको हामी नै मूर्ख हौं । पद, शक्ति र सत्ताका लागि लड्नेहरूका कारण आम कार्यकर्ता र जनता भने विभाजित बनेका छन् । त्यो विभाजित केका लागि भन्ने नेताहरूले समेत भन्न नसकेको बेलामा कार्यकर्ता र जनता नै विभाजित हुँदा सामाजिक सद्भाव नै धरापमा परेको छ । अब यो सबैको कारण खोज्ने बेला भएको छ ।

कार्यकर्ता नै विभाजित भएर बोलचाल र ज्यान नै धरापमा रहने अवस्था सिर्जना हुनुको मुख्य विषय के हो ? देश परिवर्तन कि समाज ? आम जनताको व्यवहारमा के परिवर्तन रहला ? कार्यकर्ताको जीवनस्तरका लागि हो कि समाज रूपान्तरणका लागि ? गन्तव्यविहीन यात्रा र सीमित नेतालाई पदमा आसीन गराउनका लागि गरिएको तिकडमका मतियार हामी किन बनिरहेका छौं ?

समाज र समग्र परिवर्तनका लागि जनयुद्ध गरेका तत्कालीन माओवादीको अहिलेको अवस्था के छ ? समृद्ध नेपालको नारा सहित जनयुद्धमा होमिएको कार्यकर्ताको जीवन बलिदानी, अंगभंग, बेपत्ताको अहिलेको अवस्था के हो ? माओवादी सबैभन्दा ठूलो पार्टी बनेर त्यो सबै आम कार्यकर्ताको भावनाको कदर गऱ्यो कि गरेन ? यावत् उदाहरण हुँदाहुँदै पुनः राजनीतिको नाम भजाएर कार्यकर्ता भड्काउने नेता र भड्किने जनताको जमात रहेसम्म नेपाल न परिवर्तन हुन्छ, न नेपालीको जीवनस्तर ।

यही छेलोखेलोमा धकेलिएको नेपालको राजनीति नेताको क्रीडास्थल तबसम्म भइरहन्छ, जबसम्म कार्यकर्ता र जनतालाई आफ्नो भूमिकाको महसूस हुँदैन, चालिएका पाइलाको अनुभूति हुँदैन ।

निर्वाचन आयोगले एकीकृत समाजवादी पार्टी र लोसपाको दर्ता सँगसँगै नेपालको राजनीतिलाई नजिकबाट नियाल्ने हो भने नेपालको समग्र व्यवस्थालाई त पूर्ण रूपमा असर गऱ्यो, जसरी सर्वोच्चले नेकपा विभाजन गराउँदा होस् वा ओलीले संसद विघटन गर्दा असर गरेको थियो । यो बीचमा संघीय, प्रदेश र स्थानीय जनप्रतिनिधिहरूलाई भने धेरै नै तरंगित बनायो । यति धेरै समग्रतामा देशलाई ध्रुवीकृत गर्ने अवस्थाको अन्तर्य के त ? यति धेरै ध्रुवीकृत मानसिकताको परिणाम के हो ? के यसले समाज र जनताको आवश्यकतालाई सम्बोधन गर्न सक्दछ ?

विचारमा विविधता हुनु स्वाभाविक हो, तर त्यो विविधता समाज र देशप्रति उत्तरदायी छ कि छैन भन्ने निर्णय गर्न नसक्नु आम कार्यकर्ता र जनताको चेतना विहीनताको पराकाष्ठा हो । स्वार्थी र अयोग्य नेताहरूको जस्तोसुकै निर्णयको बचाउ गर्ने र आँखा चिम्लिएर पछि लाग्ने स्वभावले देश आजको अवस्थामा पुगेको हो ।

राजनीतिका अर्थ नबुझ्नेहरू राजनीतिकर्मी बने । जनता कम विवेकविहीन नेता र कार्यकर्ता धेरै भएको नेपालका सन्दर्भमा जबसम्म राजनीतिको मूल मर्म बुझ्न सक्दैनन् तबसम्म नेपाल विदेशीको स्वार्थको क्रीडास्थल बनिरहनेछ । सीमित नेताहरूको स्वार्थको खेलौना बन्ने हामी कार्यकर्ता नै अहिलेको सन्दर्भमा सबैभन्दा ठूलो समस्या हौं । विवेक नै बन्धक राखेर गरिने क्रियाकलापले सीमित व्यक्तिको जीवनस्तर परिवर्तन हुन सक्ला, तर आम नेपाली र नेपालमा परिवर्तन ल्याउन सक्दैन । यो प्रक्रिया 'समृद्ध नेपाल सुखी नेपाली' बनाउने अभियानको सारथि बन्न सक्दैन ।

पद र शक्तिका लागि यति धेरै बिकाउ नेताहरूको पछाडि आम कार्यकर्ता विभक्त हुनुको कारण के हो ? व्यक्ति चिन्नका लागि जुगै बिताउनु पर्दैन । को नेता के चाहन्छ, त्यसको योग्यता, चेतनाको मापन गर्न उमेर ढल्काउनु पर्दैन । यति धेरै नाङ्गो नाच नाचिरहँदा पनि राम्रो देख्ने हाम्रो नजर भनेको दोषी हो, बन्धक चेतनास्तर हो र पदप्रतिको आसक्ति हो । जसले व्यक्तिको स्वार्थ भन्दा केही देख्दैन । हाम्रो व्यवहारले नेताहरूको यो हर्कतलाई अरू प्रश्रय दिइरहेको छ, थप हौसला दिइरहेको छ ।

जबसम्म आम कार्यकर्ता र जनतामा चेतनाको विकास हुँदैन, नेताहरूले प्रयोग गर्ने क्रम निरन्तर चलिरहन्छ । परनिर्भरतामा बाँचेका हामीहरू जबसम्म स्वनिर्भर बन्न सक्दैनौं, हामी प्रयोग भइरहने हो, विषयवस्तु जे भएतापनि । एक्काइसौं शताब्दीमा विश्वमा विकासको लहर चलिरहँदा हामी भने कसैको पिछलग्गु बनेर समाज र देश बन्धक बनाइरहेका छौं ।

आम जनता र कार्यकर्तामा चेतनास्तर हुने, विवेकको स्वतन्त्र प्रयोग र स्वनिर्भर बन्ने हो भने नेताहरूको यो नाङ्गो नाच हामीले देख्नुपर्ने थिएन । डर, धाक, धम्की र स्वार्थमा देशका जनप्रतिनिधि नै हुने हो भने आम जनताको हविगत के होला ? सोच्न ढिला भइसकेको छ । आम जनता र देश के चाहन्छ भन्ने सोच समेत नभएका नेताहरू जबसम्म नेपालको राजनीतिमा हावी भइरहन्छन्, तबसम्म समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना पूरा हुन सक्दैन । यसका लागि आम जनता र कार्यकर्ता विवेकशील, स्वनिर्भर र

............बाँकी ६ पेजमा

## सम्पादकीय

# कांग्रेस अधिवेशनले दिएको सन्देश

*देशकै सबै भन्दा पुरानो पार्टी नेपाली कांग्रेस बागलुङले दश वटै स्थानीय तहको ८५ वटा वडामा अधिवेशन सम्पन्न गरेको छ । यस पटकको अधिवेशनले धेरै जसो वडाको सभापतिमा युवा पुस्ताको बर्चश्व रह्यो । धेरै वडाअध्यक्षहरू ४० बर्ष उमेर समुहका छन् । हातपाखुरा चल्ने बेलासम्म नेतृत्व नछोडने् पदीय मोहको संस्कार विकास भैरहेको बेला वडा स्तरमा भएको नेतृत्व परिर्वतन र हस्तान्तरणले युवा पुस्ता राजनीतिमा आकर्षित हुन्छन की भन्ने सन्देश दिएका छ । राजनीतिलाई सही ढंगले सञ्चालन, व्यवस्थापन र जनमैत्री नबनाउने, पार्टीलाई रुपान्तरण गरी युग सुहाउँदो बनाउन नसक्ने नेतृत्वबाट आजित भएका जनता र कुनै पनि पार्टीमा आस्था र विचार राख्ने कार्यकर्ता र शुभेक्षकको लागि तन्नेरीहरू राजनीतिक नेतृत्वमा आउनुले आशाको दियो जलेको छ ।*

*सवाल नेपाली कांग्रेसको मात्र होईन, नेपालमा अस्तित्वमा रहेका राजनीतिक दलले युवालाई नेतृत्वको बाघडोर सम्हाल्न नदिने, सास रहेसम्म आफुले नै गर्नुपर्छ, म बाहेक अरूले सक्दैनन भन्ने दम्भ, घमाण्ड र स्वास्थींपनले नेपाली राजनीति विकृत, दुषित र व्यक्ति केन्द्रीत बनेको छ । युवाहरूले पनि आफुलाई परिस्कृत र जिम्मेवारपूर्ण बनाउनु पर्छ । हाईटहुईट, एक छिनको आवेग, कसिला तिग्र र पाखुराको भरमा नेतृत्वमा पुग्ने होईन, जनताको माग, समयको आवश्यकता अनुसारमा मुद्धा बोकेर नेतृत्वको जिम्मेवारी सम्हाल्नु पर्छ ।*

*बुढो नेपाली कांग्रेसले नेतृत्व हस्तान्तरणको अभ्यास वडा तहबाट गरेको छ । जिम्मेवारी हस्तान्तरणको यो अभियान, पालिका, प्रदेश तथा प्रतिनिधिसभा क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रसम्म कार्यान्वयन गर्नु आवश्यक छ । दशकौ देखि एउटै व्यक्ति शक्ति, सत्ता र नेतृत्वमा रही रहनु देश, जनता र स्वयम पार्टी जीवनको लागि पनि उपयुक्त होईन । समय सापेक्ष चारण, व्यवहार, दृष्टिकोण, सोचमा परिवर्तन हुननसक्ने, जडसुत्रवादी नेतृत्वले देश र जनताको भलो गर्न सक्दैन । नेपाली कांग्रेसले वडा तहमा युवाको नेतृत्वलाई प्राथमिकता दिएको छ । अन्य दलले पनि राम्रो अभ्यासको अनुसरण गर्नु आवश्यक छ । सधैभरी नेतृत्वमै रहने र अन्य नेता, कार्यकर्तालाई दास सम्झने प्रवृतिलाइ निरुत्साहीत गर्नै पर्छ । नेतृत्व हस्तान्तरणको अभ्यास हुनसकेन भने पार्टी अनुशासन, विधि विधान, विचार र मुद्धा ओझेलमा पर्छ । कसरी बन्ने र हराउनेमा राजनीतिक केन्द्रीत भयो भने, राजनीति सबै भन्दा फोहोरी खेल बन्दै जान्छ । राजनीतिकलाई डटी गेम होईन राजनीति सबै भन्दा राम्रो अभ्यास भन्ने मनोभावनको विकास गराउनु पर्छ ।*

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः जनकराज पौडेल (९८५७६२०६४९)
उपप्रमुखः सुरेन्द्र खड्का (९८५७६२०१६६)

**जैमिनी नगरपालिका**
प्रमुखः इन्द्रराज पौडेल (९८४७७२९५३६)
उपप्रमुखः लिला राना (९८५७६२२२४३)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः रेनुका काउचा (९८५११४०८७९)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः करमति पुन मगर (९८४६८३८१९०)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८४७६३७१७४)

**ताराखोला गाउँपालिका**
अध्यक्षः प्रकाश घर्ति मगर (९८५७६६६११२६)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६७०१८४)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६८३०६०)

**बडिगाड गाउँपालिका**
अध्यक्षः मेहरसिंह पाईजा (९८४६८८३४६५)
उपाध्यक्षः अमर बहादुर श्रीस (९८४७२००३९८)

**निसीखोला गाउँपालिका**
अध्यक्षः तारानाथ शर्मा (९८०६१९७५११)
उपाध्यक्षः शोभा कुमारी कार्की (९८४७७२९८६६)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः मानसरी शेरचन (९८६७६०५३९१)

## साप्ताहिक राशिफल

*मेषः बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ । इष्टमित्रसित भेटघाट गर्ने अवसर जुट्नेछ ।*

*बृषः नियमित खर्चसमेत बढ्ने योग छ र शिक्षामा वाधा आउनेछ । मंगलबारबाट रमाइलो यात्राको योग रहेको छ ।*

*मिथुनः शुभकार्यको चर्चा चल्नेछ । ठूला ब्यक्तिले तपाईंको मेहनतको प्रशंसा गर्नेछन् ।*

*कर्कटः अचल सम्पत्ति हात पर्ने योग छ । धार्मिक, सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ ।*

*सिंहः मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ ।*

*कन्याः काममा सानातिना बाधा आउने र काम रोकिनेछ । स्वास्थ्य समस्याले पनि पिरोल्न सक्छ ।*

*तुलाः चलाखी पूर्ण बोलीले कार्य सम्पादन हुनसक्छ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।*

*वृश्चिकः पुँजी बजारको लगानीले राम्रै प्रतिफल दिनेछ । प्रेम मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ ।*

*धनुः प्राविधिक र स्वास्थ्य विषयमा सफल हुन सकिनेछ । बन्दब्यापारको क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।*

*मकरः मानसिक चिन्ता पनि बढ्नेछ । सोमबार बाट भने लाभदायक र खुसीको यात्रा हुनेछ ।*

*कुम्भः एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।*

*मीनः काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । परिवारसँग समय बिताउने अवसर जुट्नेछ ।*

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि

## काठेखोला गाउँपालिकाद्वारा श्रद्धाञ्जलीसभा

जननिगरानी संवाददाता
बागलुङ

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको कारण काठेखोला गाउँपालिका वडा नम्बर ३ धम्जाकी लक्ष्मी माया विकको निधन प्रति काठेखोला गाउँपालिकाले दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ ।

गाउँपालिकाका अध्यक्ष अमर बहादुर थापा लगायतको टोलीले शुक्रबार विकको निधनभएको १० औं दिनको पुण्यतिथिमा घरमा पुगर श्रद्धाञ्जली व्यक्त गरेको हो । पत्रकार विश्वास कुमार खड्काथोकीकी आमा तथा स्थानिय दलित अगुवा कुल बहादुर विकको भाउजु र राजन विश्वकर्माकी श्रीमती लक्ष्मी माया विकको भदौ १६ गते कोरोना भाइरस संक्रमणको कारण उपचारको क्रममा काठमाडौंमा निधन भएको थियो ।

गाउँपालिका अध्यक्ष अमर बहादुर थापा, गाउँपालिका स्थानिय दलित समन्वय समितिका सल्लाहकार एवं कार्यपालिका सदस्य टिकासंगम विक, नेकपा एमाले वडा कमिटी धम्जाका उपाध्यक्ष तिलक बहादुर भण्डारी, तिनचुले बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका उपाध्यक्ष टोपबहादुर जिसी, धम्जा कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष सुर्य भण्डारी लगायतले श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

तीनचुले बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव भिमलाल आलेले सञ्चालन गर्नुभएको थियो ।

गाउँपालिकाले कोभिड-१९ संक्रमणको कारण मृत्यु हुनेको परिवारलाई २० हजार रुपैयाँ राहत



दिने जनाएको छ । गाउँपालिका अध्यक्ष थापाले विकको परिवारलाई पनि चाडै राहत रकम हस्तान्तरण गर्ने बताउनुभयो ।

**घर, आगन सफा राखौं । रोग लाग्नबाट बचौं ।**

काठेखोला गाउँपालिका र यस जननिगरानी साप्ताहिकको सहकार्यमा यस पेज काठेखोला गतिविधिको रूपमा प्रकाशित गरिदै आएको छ । यस पेजमा गाउँपालिकाले गरेका गतिविधिलाई र गाउँपालिका भित्र भइरहेका गतिविधिहरुलाई नागरिकसम्म पुऱ्याउन सहयोग गर्ने उद्देश्यले प्रकाशित गरिएकाले हजुरहरूको टोल, छिमेकमा हुने घटनाहरू र काठेखोला गाउँपालिकासँग सम्बन्धित लेख, रचनाहरू भएमा हाम्रो सम्पर्क नम्बर र इमेलमा पठाइ सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।
सम्पर्कः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
janangrani.bgl@gmail.com

- पक्कि शौचालय बनाई नियमित प्रयोग गरौं ।
- निम्न अवस्थामा अनिवार्य रूपमा साबुन पानीले हात धुने बानी बसालौं ।
  # चर्पिको प्रयोग गरेपछि
  # खाना खानु वा खुवाउनु अघि
  # खाना बनाउनु अघि
  # फोहोर चिज छोएपछि
- पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
- मुहानदेखि मुखसम्म पानी सुरक्षा गरौं ।
- घर आँगन सफा राखौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुधारिएको चुल्हो प्रयोग गरी घरलाई धुवा रहित बनाऔं ।
- बातावरणीय सरसफाइमा ध्यान दिऔं ।
- सरसफाइका सूचकहरू पुरा गरी आफ्नो गाउँलाई पूर्ण सरसफाई गाउँ बनाऔं ।

**काठेखोला गाउँपालिकाको कार्यालय, विहुँकोट, बागलुङ**

### काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

**वडाअध्यक्षहरू**

अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८५७६७७०१६)

**प्रमुख प्रशासकीय अधिकृत**

चुडा बहादुर कार्की (९८५७६२०६९४)

**कार्यपालिका सदस्य**

टिकासंगम विक (९८५७६७७००९)
नैनाकली खड्का (९८५७६७७०१३)
हेमलाल वि.क. (९८५७६७७०१०)
जमुना कंडेल (९८५७६७७०१२)
सारादा कुमारी थापा (९८५७६७७०१४)
सुन्तली वि.क. (९८५७६७७०११)

**वडाअध्यक्षहरू**

वडा नम्बर १
अध्यक्षः खड्कबहादुर थापा (९८५७६७७००१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा (९८५७६७७००२)
वडा नम्बर ३
अध्यक्षः यामबहादुर श्रीस (९८५७६७७००३)
वडा नम्बर ४
अध्यक्षः केशरबहादुर थापा (९८५७६७७००४)
वडा नम्बर ५
अध्यक्षः शिवप्रसाद कंडेल (९८५७६७७००५)
वडा नम्बर ६
अध्यक्षः युक्तप्रशाद कंडेल (९८५७६७७००६)
वडा नम्बर ७
अध्यक्षः प्रेम लामिछाने (९८५७६७७००७)
वडा नम्बर ८
अध्यक्षः चित्रकला छन्त्याल (९८५७६७७००८)

आर्थिक समाचार

## सहिद मार्ग कालोपत्रे गर्ने सम्झौता

जननिगरानी संवाददाता
बागलुङ

द्वन्द्वकालिन समयमा सबै भन्दा बढी प्रभावित बागलुङको ताराखोला गाउँपालिका स्थानीय सरकार संचालनमा आए पछि व्यापाक पुनःनिर्माणमा जुटेको छ ।

ताराखोला गाउँपालिकाले भौतिक पूर्वाधार निर्माण र कृषी उत्पादनलाई विशेष जोडदिएर आफ्ना नीति कार्यक्रम तथा बजेट निर्माण गरेको हो । द्वन्द्वको समयमा ज्यान गुमाउनेको स्मरणमा गाउँपालिकाले मध्यपहाडी लोकमार्ग बिहुँ रिजालचोकदेखि गाउँपालिका केन्द्र अर्गल जोड्न सडक खण्डलाई 'सहिद मार्ग' नामकरण गरिएको छ ।

बीस किलो मिटर लामो उक्त सहित मार्ग आगमी तीन बर्षभित्र कालोपत्रे गर्ने सिफारिस गरिएको छ । नेपाल सरकारले जारी गरेको प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्य विधि २०७७ को दफा १२ बमोजिम सहिद मार्गलाई आयोजनाको रुपमा छनौट कालोपत्रेको लागि सिफारिस गरेको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिनुभयो ।

ताराखोला गाउँपालिकालाई पक्की सडकमार्फत राष्ट्रिय सडक संजाल तथा प्रदेश राजधानीसँग जोड्न रिजालचोक-अमरभूमी-ताराखोला गाउँपालिका केन्द्र अर्गल जाने सडक छनौट गरी सिफारिस गरिएको छ ।


स्वादिलो आलु उत्पादनको उर्भरभूमी ताराखोलालाई पक्की सडक संजाल विस्तार भए पछि त्यहाँको अर्गानीक आलु, भाँङ्गो, काठ, ढुङ्गाको निकासीमा सजिलो हुने अध्यक्ष घर्तीको भनाई छ । उक्त क्षेत्रलाई पशुपालन, घरेलु उद्योग, कषी तथा पर्यटन व्यवसाय फस्टाउने छ । म्याग्दी जिल्लासँग सडक संजाल विस्तार गर्ने योजना रहेको अध्यक्ष घर्तीले बताउनुभयो । कालोपत्रेको लागि करिब ७० लाख रुपियाँ लाग्ने अनुमात गरिएको छ ।

असोज महिना भित्र सडक आयोजनाको विस्तृत योजना प्रतिवेदन तयार गरी थप काम अघि बढ्ने छ । सडक निर्माणमा गाउँपालिका, गण्डकी प्रदेश सरकार र संघीय सरकारको आर्थिक साझेदारी हुनेछ ।

## कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

### कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू




### उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

### घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुरक्षा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने
- नियमित रूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**



**काठेखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बिहुँ, बागलुङ**



अनिता पन्थी

पुस्तक समिक्षाः

# सुकरातको डायरी : एक नवीनताको खोज

आजभन्दा चार-पाँच वर्षअघि नै मैले सुकरातको डायरी पढिसकेकी थिएँ । मलाई अहिले यस्तो लागिरहेछ प्रतिदिन पाठकको बोधशक्ति निर्माण हुँदै जाने रहेछ, अनेक किसिमले । साहित्यिक परिवेश, बौद्धिक वर्गसँगको निकटता र निरन्तरको अध्ययनले हिजो पढेको त्यही पाठ आज फेरि पढ्दा अर्थहरू थपिँदै, परिष्कृत र परिमार्जित हुँदै जाँदा रहेछन् । नवीनतम अर्थहरू पनि त्यसरी नै खुल्दा रहेछन् । त्यसो किन पनि हुन्छ भने ज्ञानको विस्तारले पाठकको विश्लेषण र बोधशक्तिको तह थाहा नपाएरै बढिरहेको हुँदो रहेछ । यसकारण कुनै पनि कृतिको निश्चित र अन्तिम अर्थ निर्धारण किमार्थ हुन सक्दैन । यो कुरा म किन गर्दै छु भने सुकरातको डायरी पढ्दा मलाई यस्तै लाग्यो । ती दिनमा उति जरुरत नठानिएको डायरीमा आज मलाई धेरै कुरा खड्किँदा पृष्ठहरू फेरि पल्टिएका छन् । आद्योपान्त गम्भीर भएर पढेँ । सायद म पहिलोपटक उपन्यास लेख्न खोज्दै छु, जानी नजानी । यसकारण पनि डायरी पढ्न पुगेकी थिएँ । जुन अभिप्रायले उन्मुख थिएँ, त्यसमा सार्थकता पनि पाएँ । अर्थात् पुनः पठन धेरै उपलब्धिपूर्ण भयो ।

त्यस बेला पनि सुकरातको डायरी एउटा सचेत मस्तिष्कले नपढेको त होइत तर उति धेरै सचेत भएर गहिराइमा पुगिनछु या बोध गर्ने एउटा तह निर्माण भइसकेको थिएन । त्यस समय मैले सुकरातको डायरी होइन सुकरातका पाइला अधिक रुचाएकी थिएँ । त्यसैकारण डा. गोविन्दराज भट्टराईलाई नभेटेरै एक कल फोनको भरमा मैले सुकरातका पाइलामा थेसिस गर्ने स्वीकृति लिएँ । ती दिनमा मैले लेखकलाई चिनेकी थिइनँ । आज म पाइला होइन डायरी ज्यादा रुचाइरहेकी छु । मनमा यस्तो भइरहेछ, मानौँ अहिले मेरो थेसिस गर्ने समय हुँदो हो त म सुकरातको डायरीमा नै गर्ने थिएँ । तब एउटा अव्यक्त पश्चात्ताप मनभित्र जन्मिन्छ । प्रस्तुत उपन्यासले आज मलाई नयाँ चेतनाको अनेकनद्वार खुलाएको आभास भएको छ ।

पुरानो लयमा हिँडिरहँदा उही समयको सुकरातका पाइला, रूपमति, बसाइँ, वसन्ती, अविरल बग्दछ इन्द्रावती ' जस्ता कृति बढी रुचिकर हुने थिए, जहाँ सरल रेखामा सलल्ल बगेको कथा वस्तु (जीवन) को आदि, मध्य र अन्त्यले पाठकलाई तानिरहेको हुन्छ । परन्तु सुकरातको डायरीमा त्यस्तो छैन, बेग्लै प्रवाहमा प्रवाहित छ, जस्तो आजको जीवन छ । कहानी खोज्नेहरूलाई अहिले पनि सुकरातको डायरीले आकृष्ट गराउन सक्ने छैन । जति यसप्रति आकर्षित भएका छन्, ती नवीनताको खोजीमा रहेका पाठक हुन् । नवीनता नरुचाउने या त नवीनतासँग परिचित हुन असमर्थहरू यस्ता कृतिबाट प्रायः टाढा रहन्छन् । आज हाम्रो जीवन जति दुर्बोध र कठिन हुँदै गएको छ त्यस्तै सुकरातको डायरी पनि बौद्धिक संरचनाले निर्मित कृति यसकारण भिन्न गोलार्द्धको लागेको छ । मेरो मनले अहिले भनिरहेको छ प्रस्तुत कृति अध्ययनमा आवृत्ति नहुँदो हो, धेरै कुरा सिक्नबाट म वञ्चित हुने रहेछु । धन्य दोहोऱ्याएर पढेँ । सन्तुष्टिको लामो श्वास फेर्दै अन्तश्चेतनाले मलाई यति भन्न बाध्य गरायो ।

नेपालको दश वर्षे (६२-६३) जनयुद्धको भय, त्रास, हत्या, हिंसा, द्वन्द्व, आतङ्कको पृष्ठभूमिमा रचिएको सुकरातका पाइला निराशा, पलायन र मृत्युको कथा हो भने अर्कातर्फ अपार सङ्घर्ष र चुनौतीका बीच जीवनतिर (आशावादी) फर्काउन खोजिएको प्रयास पनि थियो तर यता आएर सुकरातको डायरीमा युद्ध, भय, त्रास, मृत्युको ठाउँमा दुरूह जीवनको अनिश्चित अर्थहरू खोजिएको छ । सरसरती हेर्दा सुकरातका पाइला उपन्यासको दोस्रो खण्ड नै सुकरातको डायरी लाग्नेछ । जुन कुरा वास्तविक हो पनि होइन पनि । उता त्रासद युद्धको भयावह वर्णन छ भने यता युद्धको भग्नावशेष रूप र जीवनका अनेक सम्भावनाहरू रहेका छन् । जेहोस सुकरातका पाइला अध्ययन नगरी सुकरातको डायरी बुझ्न सम्भव छैन । यसर्थ अघिल्लाको क्रमिक रूप नै भन्नुपर्ला । केही थपघटसँगै तिनै पात्र र परिवेशमा अकथित विवशता र सङ्घर्षबाट उन्मुक्त हुन मृत्यु नै जीवनको अन्तिम सत्य ठानेको पात्र अनन्त यहाँ भर्चुअल रियालिटिमा पुनः सुकरात गुरु र नीलिमासँग जोडिन पुगेको छ । जहाँबाट उपन्यासको अन्त्य भएको थियो त्यहीँबाट फेरि अनन्तको स्मरणमा कथा यसरी सुरु हुन्छ 'जीवन र मृत्युका बीचमा अनन्त नै झुन्डिएको देखेँ; न यथार्थ थियो न भ्रान्ति । भन्नै नसकी कति समय बितेर गयो । तिम्रो अनुपस्थिति सर्वत्र सुसाएको बेला आज म फेरि तिम्रो गहिरो सम्झनामा डुबेको छु (पृ. १) ।

सुकरातका पाइलामा अनन्त न जीवित थियो न त घोषित रूपमा उसले मृत्युवरण नै गरेको थियो । जीवन र मृत्युको दैलामा यहाँ उसको अस्तित्व फेरि कायम रहेको छ । जनमुक्ति सेनामा शहादत प्राप्त उसकी प्रेमिका पूर्णिमा पनि उसैगरी आफ्नो भूमिका निर्वाह गर्न आइपुगेकी छे । यसकारण सुकरातको डायरी मर्नेको होइन बोच्नेहरूको कथा हो । भर्चुअल जगत्मा रहेर अनन्तले आफू जीवितै रहेको भ्रम फिँजाएको छ । स्वैरकल्पनाको उच्च कलात्मक प्रयोगले कल्पित र यथार्थिक जगत्को समष्टि रूपमा सबै घटना हो जस्तै लागेका छन् । सुकरातको क्वाटरबाट सुरु भएको उपन्यास ग्रीसभूमि पुगेर डिल्लीबजारस्थित भोजनालयको एउटा कोठामा मञ्चित नाटकसँगै अन्त्य भएको छ । सुकरातको ग्रीस यात्रा स्वयं लेखकको यात्रा हो भने अन्य घटना, वस्तु, पात्र, परिवेश चाहिँ यथार्थ भित्रका काल्पनिक रूप हुन् । यात्रासँग जोडिएको हुँदा यात्रा साहित्य, अतीततिर फर्किएको हुँदा संस्मरणात्मक साहित्य, दैनिकीमा निकट हुँदा डायरी साहित्य, भर्चुअल जगत्मा पस्दा काल्पनिक तथा मायिक यथार्थ, जीवन जगत्को यथार्थसँग निकट हुँदा यथार्थवादी साहित्य । यी सबै पक्षबाट जुन अर्थ सम्प्रेषण हुन्छ त्यही नै सुकरातको डायरी हो ।

परम्परित संरचनात्मक दृष्टिले हेर्दा यस कृतिलाई उपन्यास भन्न मुस्किल पर्छ । पश्चिमी भूमिमा उदाएर हिजोआज हाम्रोमा प्रवेश लिएको उत्तरआधुनिकतावादी सिद्धान्तले मात्र यसलाई राम्ररी अर्थ्याउन सक्छ । न्याय दिन समर्थ हुन्छ । यहीँभित्र अनन्तले उचित भूमिका निर्वाह गर्न सकेको छ । हामी सबै यन्त्रमा निर्भर छौँ, त्यसैमा बाँचेका छौँ र अनन्त पनि । जहाँ यन्त्रलाई हटाइदिने हो भने ऊ जीवित रहने छैन । उसको यान्त्रिक बचाइ र ग्राम्य बालस्मृतिले के सङ्केत गर्दै छ भने एकातिर विज्ञान प्रविधिविना आजको जनजीवन सहज छैन । फेरि प्रकारान्तरमा यसले हामीलाई शुष्क गराउँदै छ र संवेदना शून्य । अनि विगतको (अनन्तको) स्मरणले प्रकृतितर्फ फर्क भन्दै छ ।

> प्रकृतिको सूक्ष्म र जीवन्त प्रस्तुति अझ भनौँ न ग्राम्य परिवेशमा हुर्किएको अनन्तको बालस्मृति अनि पूर्णिमा र उसको अप्रकट प्रेमवणर्नमा लेखकीय शक्ति प्रदीप्त छ । लेखकको उच्च कलात्मक शैलीको निक्खरता छ । यस कृतिले पाठकलाई अध्ययन, चिन्तन र साहित्य सिर्जनामा लाग्न तत्पर गराएको छ ।

जसरी जुन दृष्टिबाट पनि अर्थ खोज्न र लगाउन सकिने यस उपन्यासमा बहुल अर्थहरू भेटिन्छन् । बस् त्यसलाई उत्खनन् गर्न सक्नुपर्छ । गहन र वैचारिक धरातलमा अडेर सूक्ष्म घटनाक्रमलाई विचारले बिट मारिएका कथा वस्तुहरू आफैँमा पूर्ण छन् र अन्त्यमा समष्टि भावले अर्थिन पनि चाहन्छन् । ती कथावस्तु एक आपसमा अन्तःसम्बन्धित नभए जस्तो लाग्छ, फेरि त्यसलाई कथानकले जोड्दै लगेको पनि छ । त्यस्तै अर्को कुरा उपन्यास सिकाउनकै निम्ति यहाँ उपन्यास रचिएको अनुभूति भएको छ । यथार्थता भने त्यति मात्र होइन, धेरै छन् । उपन्यास लेखनको तौरतरिका उल्लेख गर्दै सैद्धान्तिक र व्यावहारिक दुवै पक्षमा सबल बनाउन निर्मित कथावस्तुले नै कृतिलाई पूणर्ता दिएको छ । क्रम टुटेको र अव्यवस्थित अनुभूतिभित्र शृङ्खलाको पोयो भेट्न सकिन्छ तर पाठक सचेत हुनुपर्छ । लेखनकला सिकाउनुभन्दा पनि व्यावहारिक ज्ञान अर्थात् लेखकीय अनुभूति नै यहाँ प्रबल रहेको छ । त्यसै प्रसङ्गमा उपन्यासकारले भनेका छन् कुनै पनि साहित्य रचना गर्दा देखिएकोभन्दा भोगिएको कुरा ज्यादा शक्तिशाली हुन्छ, जहाँ सामान्य विषयवस्तु नै किन नहोस् । यहाँ लेखकले अनन्तलाई मुख पात्र बनाएर आफ्ना दृष्टिकोणहरू भन्न लगाएका छन् । सुकरात र नीलिमा दुवैले आआफ्नो धारणा अनन्तमाथि खन्याउँदा ऊ झन् अन्योलमा परेको छ । उसलाई एउटा थिचिएको, दबिएको पात्रका रूपमा समेत हेर्न सकिन्छ । सुकरात र नीलिमाका विचार परस्पर बाझिँदा उनीहरूको दाम्पत्य जीवन प्रतिक्षण धराशायी हुँदै गएको छ ।


सुकरातको डायरीमा विश्व साहित्यिक चेतनालाई बढी नै उद्बोध गराउन खोजिएको छ । विगतका विभिन्न कालखण्डसँगै वर्तमान समयमा आइपुग्दा के कस्ता कृति रचिए, अब कस्तो रचिनुपर्छ, विश्व सहित्य कता जाँदै छ भनी विदेशी तथा स्वदेशी स्रष्टाको कृति विश्लेषणमा लाग्छ यो एउटा समीक्षात्मक साहित्य पनि हो । अनुवादको महक पनि बेला-बेला पाठकले पाएका छन् । ती महान् स्रष्टाका अनूदित खण्ड हेर्दा सुकरातको डायरीमा पश्चिमी साहित्यको प्रभाव ज्यादा रहेको छ । सतही र निकृष्ट साहित्य लेखनबाट कसरी बच्न सकिन्छ, जुन कुरालाई स्पष्ट पारिएको छ । आख्यान क्षेत्रमा लागेका र लाग्न खोजेका सबैले एकपटक अध्ययन गर्नैपर्ने कृति हो सुकरातको डायरी ।

प्रकृतिको सूक्ष्म र जीवन्त प्रस्तुति अझ भनौँ न ग्राम्य परिवेशमा हुर्किएको अनन्तको बालस्मृति अनि पूर्णिमा र उसको अप्रकट प्रेमवणर्नमा लेखकीय शक्ति प्रदीप्त छ । लेखकको उच्च कलात्मक शैलीको निक्खरता छ । यस कृतिले पाठकलाई अध्ययन, चिन्तन र साहित्य सिर्जनामा लाग्न तत्पर गराएको छ । सुकरातका पाइला समसामयिक देशको छाया, त्यसले पारेको प्रभाव र भयभीत पात्रको मनोविज्ञानमा केन्द्रित रहेको छ भने डायरीमा चाहिँ विश्वसाहित्यको परिवेशमा नवीन मार्ग खोज्दै त्यसैमा पात्रको जटिल मनःस्थिति निर्माण गरिएको छ । फलस्वरूप कृतिले बौद्धिक पाठकको मात्रै अपेक्षा राखेको छ ।

सकुरातका पाइलाको त्रासदी यहाँ सेलाउँदै गएको छ तर त्यसले पारेको प्रभाव भने आज पनि उस्तै रहेको छ -

*बोल,*
*सपनामा भए पनि*
*एकपल्ट मसित बोल*
*त्यो साँझ तिम्रो काँधमा*
*कसको बन्दुक थियो ?*
*बोल,*
*तीज आइसक्यो*
*नयाँ चुरा किनूँ कि*
*पुराना फुटालूँ (पृ. ५३७) ?*

प्रस्तुत कविता हेर्दा त्यतिखेरको युद्ध अहिले पनि चहऱ्याइरहेको छ । पात्र तिनै भएर पनि यहाँ उनीहरूको परिवेश र कार्यक्षेत्र अदलबदल भएका छन् । उता सात-सातपटक ब्याचलर फेल भएकी पूर्णिमा यता विश्वविद्यालयमा अध्ययन गर्ने भएकी छ । हिजो नीलिमा कपडा फ्याक्ट्रिको डिजाइनर थिइन् भने आज पिके कलेजकी प्रोफेसर भएकी छन् । उपन्यासले सबै कुरालाई नवीन दृष्टिले हेर्दा ती पात्रहरू सुकरातको डायरीमा परिवर्तित भएका छन् । नारीलाई हेर्ने दृष्टिकोण पनि बदलिएको छ । स्वतन्त्र निणर्य गर्न दिइएको छ । परापूर्व तथा सभ्यताको त्यस कालदेखि रचिएका साहित्य जहाँ महिलाको भूमिका अनिवार्य थियो तर उनीहरूलाई पुरुषको स्वार्थमा राखेर सिर्जना गरिन्थ्यो तर यहाँ महिलालाई महिलाकै दृष्टिले हेर्ने प्रयास गरिएको छ । त्यसकारण यसलाई नारीवादी उपन्यास पनि भन्न सकिन्छ । यति हुँदाहुँदै पनि उपन्यासको पात्र सुकरातले नीलिमालाई आफूसँगै दौडमा सम्मिलित गराउन भने सकेको छैन किनकि उनीहरू सँगसँगै दौडिने हो भने प्रतिस्पर्धीको समरमा सुकरातले चाहेअनुकूलको परिवेश सिर्जिने थिएन । उसले नारीको विवशतालाई नजिक रहेर बुझेको छ । स्विकारेको पनि छ, के कति कारणले नीलिमा आफूसँगै भागदौडमा सरिक हुन असमर्थ भइन् । परन्तु ऊ लाचार भएर फेरि आफू एक्लै-एक्लै उच्छाइलो टाकुरीमा पुग्न




दौडिरहन्छ ।

सुरकरातको चरित्र, परिवेश र कार्यक्षेत्रमा भने परिवर्तन आएको छैन । ऊ हरनिमेष नीलिमाप्रति नै समर्पित छ । समय कुसमयमा ऊ जल्छ, गल्छ, शिथिल हुन्छ किनकि नीलिमा आफ्नो शिष्य अनन्तप्रति आकर्षित भएकी छन् । मुर्झाइसकेकी नीलिमालाई पूर्णिमाको जून बनाएर उनी र अनन्तबीचको त्यो नाटकीय पर्दामा जैविक मनोविज्ञानको उच्च विश्लेषण भएको छ । आनन्द, हर्ष, चुनौती, ग्लानि, पीडा, अवसादमा पात्रहरू पुरातनको विद्रोह गर्दै उठेका छन् । आफूखुसी जोडिएका छन्, भत्किएका छन्, जस्तो स्थिति आजका हामीले भोग्दै आएका छौँ । सुकरातको डायरी रूपात्मक, प्रतीकात्मक, रागात्मक र स्वैकाल्पनिक दृष्टिले सफल रहेको छ । दुरूह संरचनाले गर्दा कृतिको अन्त्यमा पुग्दासम्म पनि पाठकलाई थाहा हुँदैन उपन्यास अब कुन मोडमा पुग्छ, पात्र कहाँ गएर थिग्रिन्छन् ? नीलिमाले सुकरातलाई छोडेर अनन्तमा समर्पित हुने पो हो कि ? पूर्णिमा कता जाने हो ? क्रम भङ्गता, अनिश्चितता, अनियमिततामा पाठकले अब के हुन्छ भनी अनुमान लगाउन सक्दैन । बौद्धिकता र जटिलताले पनि त्यसो गराएको होला ।

सुकरातको डायरी यसरी प्रस्तुत हुनुमा वैश्विक चेतनासँगै परिवर्तित जीवन दर्शन पनि अर्को दुर्बोध तत्त्व रहेको छ । जीवनलाई जसरी अर्थ्यायो त्यसरी नै अर्थिन्छ । साँच्चै जीवन एक प्रयोगशाला हो, रङ्गमञ्च हो । सुकरातले यही कुरालाई आफ्नो दर्शन बनाएको छ । पात्र, चरित्र, घटना र परिवेशभन्दा पनि वैचारिक दृष्टिले उचाइ भेट्टाएको यस उपन्यासले जीवन जगत्लाई हेर्ने बहुल मार्ग प्रशस्त गराउन चाहेको छ । नवीन सहित्यको खोजी पनि । विधाभञ्जन र विधामिश्रणको उत्कृष्ट नमुना जहाँ गीत, गजल, कविता, समीक्षा, अनुवाद, डायरी, यात्रा, संस्मरण, कथा, निबन्ध, नाटक, उपन्यास, पत्र सबै-सबै पक्षको मिठास पाठकले लिन सक्छन् । त्यसो त फेरि ती सबै विधा आफैँमा विघटित भएका छन् । जीवन कहिल्यै सरल र सोझो मार्गमा हिँड्न चाहेर पनि हिँड्न सक्दैन । आफूले चाहेको जिन्दगी न हिजाकाले बाँचे न आजकाले बाँचेका छन् । न भोलिकाले बाँच्न पाउनेछन् । चाहेको भन्दा बढी नचाहेकै जीवन बाँच्नुपर्ने छ । हरेक व्यक्तिले । जुन कुरालाई सुकरातले प्रस्ट पारेको छ । अनन्त र पूर्णिमको, नीलिमा र सुकरातको सम्बन्ध किन दृढ र आत्मीय हुन सकेन भने आज महाआख्यान भत्किसकेको छ । त्यसैले उनीहरू एकार्काप्रति निर्भर छैनन् । एक्लै पनि जीवन बाँच्न र अस्तित्व जोगाउन सकेका छन् । हिजोआज सम्बन्धको परिभाषा बदलिएको छ । बन्धित घेरा फुक्लिएको छ, भत्किएको छ, केन्द्र तोडिएर विकेन्द्रीकृत भएको छ, सँगसँगै जटिलता र चुनौतीहरू थपिँदै गएका छन् । आजका मान्छेसँग सम्भावनाहरू पनि प्रशस्तै रहेका छन् । यिनै अवधारणालाई उपन्यासको विषय बनाइएको सुकरातको डायरी उत्तरआधुनिकवादको अनुपम उदाहरण बन्न पुगेको छ ।

व्यक्ति स्वतन्त्रतालाई उच्च ठहऱ्याइएको यस कृतिमा स्वतन्त्र भएर नवीन मार्गमा हिँड्न आह्वान गर्दै उपन्यासको अन्त्य भएको छ ।

*सुकरात एक्लै बोलेको सुनियो,*
*म हजारौँले टेकेको डोबलाई पछ्याउन चाहन्नँ ।*
*मलाई नयाँ सोच्न देऊ*
*मलाई नयाँ गर्न देऊ*
*मलाई स्वतन्त्र हिँड्न देऊ (पृ. ३२६)*

अतः नवीनतम कलाको उच्चतम शैली प्रयोगको दृष्टान्त हो सुकरातको डायरी ।

*सहित्यपोष्टबाट साभार ।*

## स्वास्थ्य/जीवनशैली

# औषधिभन्दा बढी प्रभावकारी हुन्छ फिजियोथेरापी ?

**डा. रजना बज्राचार्य/फिजियोथेरापिस्ट**

कोरोना भाइरसको पहिलो लहर छाएको बेला झण्डै एक वर्षअघि नेपाल फिजियोथेरापी संघले कोभिड-१९ भएका बिरामीहरुलाई गरिने फिजियोथेरापी उपचारको निर्देशिका तयार गऱ्यो। सामान्यतया नसा च्यापिएको, हड्डी खिइएको जस्ता स्वास्थ्य समस्यामा मात्रै फिजियोथेरापी प्रभावकारी हुन्छ भन्ने बुझाइलाई चिर्दै कोभिडको समय र त्यसपछि पनि फिजियोथेरापी विधिमार्फत् विभिन्न समस्याको समाधान गर्नको लागि संघले वर्ल्ड कन्फिडिरेसन अफ फिजिकल थेरापी (डब्लूसीपीटी) तथा विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) द्वारा प्रकाशित निर्देशिकामा आधारित भएर नयाँ निर्देशिका तयार पारेको थियो।

झण्डै साढे ४ दशकअघि केही सरकारी अस्पतालका चिकित्सकहरुलाई तालिम दिएर सुरु भएको फिजियोथेरापी पद्धतिको उपचार पद्धति मार्फत् आफ्नो समस्याको उपचार खोज्नेहरुको संख्या बढ्न थालेको छ। फिजियोथेरापी आफैँमा सबै रोगको लागि प्रभावकारी उपचार पद्धति हो। जस्तै, शरीरको जुनसुकै अंगमा हुने प्यारालाइसिस तथा अन्य स्नायु प्रणालीमा देखिने समस्याको लागि फिजियोथेरापी प्रभावकारी उपचार विधि हो। लामो समयसम्म प्यारालाइसिस भएको अंग चलाएन भने त्यो झनै कडा बन्दै जान्छ। त्यसैले व्यायाम गर्ने वा ती अंगहरु चलाइराख्नुपर्छ।

कतिपयमा मेरुदण्ड सम्बन्धी समस्या हुन सक्छ। यस्ता समस्यादेखि श्वासप्रश्वास हुँदै, प्रजनन तथा स्त्रीरोगहरुमा समेत यो प्रभावकारी बन्न सक्छ। यसबाहेक विभिन्न दुर्घटनामा चोटपटक लागेको खण्डमा त्यस्तो अवस्थाका लागि पनि फिजियोथेरापी उपयुक्त विधि हो।

### के हो फिजियोथेरापी ?

सबै रोगहरु औषधि खाएर मात्रै पूर्ण रुपमा निको नहुन सक्छन्। कतिपय रोगहरु औषधि नखाई व्यायाम वा अन्य विधिबाट पनि निको गराउन सकिन्छ। औषधि नखाई व्यायाम, हातले गर्ने उपचार, पानीमा गरिने व्यायाम वा विद्युतीय उपकरणको माध्यमबाट गरिने उपचार पद्धति नै फिजियोथेरापी हो। सिधा अर्थमा भन्दा प्रशिक्षित फिजियोथेरापिस्टद्वारा व्यायामको माध्यमबाट शरीरको मांसपेशीहरुको सही अनुपातमा सक्रिय गर्ने विधा नै फिजियोथेरापी हो। नेपालीमा यसलाई भौतिक चिकित्सा विधि पनि भनिन्छ।

हड्डी खिइएको, नसा च्यापिएको, मांसपेसी दुख्ने, झमझमाउने, लुलो हुने, पोल्ने, प्यारालाइसिस, पक्षघात जस्ता स्वास्थ्य समस्याको लागि यो उपचारविधि औषधिभन्दा प्रभावकारी मानिन्छ।



### कस्ता व्यक्तिको लागि प्रभावकारी हुन्छ यो पद्धति ?

हिजोआजको व्यस्त जीवनशैलीमा मान्छेले आफ्नो बारेमा ध्यानदिन सक्दैन। जो मान्छे समय बचाउनको लागि मोटरसाइकल चढ्छ र कार्यालयमा एउटै पोजिसनमा धेरै समय कुर्सीमा बस्ने गर्छन् भने उनीहरुमा धेरै कम्मर दुख्ने वा अन्य शारीरिक समस्याहरु हुन सक्छन्। घण्टौंसम्म कुर्सीमा बस्ने, गलत तरिकाले बस्ने र व्यायाम या खेलको समयमा हुने दुखाइ लगायतबाट पीडित व्यक्तिका लागि यो विधि प्रभावकारी हुन्छ।

फिजियोथेरापी सबै किसिमका रोगको निवारणका लागि प्रभावकारी हुन्छ। जस्तो हड्डी खिइएको होस् वा हाडजोर्नीसम्बन्धी अरु समस्यामा प्रयोग हुने फिजियोथेरापीलाई अर्थोपेडिक फिजियोथेरापी भन्ने गरिन्छ। मुटुसम्बन्धी फिजियोथेरापीलाई कार्डियोथेरापी जस्ता नामले चिनिन्छ। यसरी अनेकथरीका समस्याको एउटै निदानको उपाय हो फिजियोथेरापी। पछिल्लो समय फिजियोथेरापीको प्रयोग बढ्दो मात्रामा देखिन्छ।

### फिजियोथेरापी कुन उमेरकाको लागि ?

फिजियोथेरापी यही उमेर समूहकाहरुको लागि प्रभावकारी हुन्छ भन्ने छैन। यो बालबालिकादेखि वृद्धवृद्धासम्मले लिन सक्ने उपचार पद्धति हो। कुन उमेरमा कस्तो रोग लागेको छ ? त्यसैको आधारमा कति उमेरका मान्छेले प्रयोग गर्ने भन्ने हुन्छ। त्यस्तै, फिजियो थेरापी कति समयसम्म गर्ने भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ। कतिपयले एक/दुई दिन फिजियोथेरापी गरेर प्रभावकारी भएन भन्दै यसको विकल्प सोच्ने गरेको पनि पाइन्छ। तर रोगको प्रकृति र मानिसको स्वास्थ्यको अवस्था हेरेर यसलाई कति समयसम्म निरन्तरता दिनुपर्छ भन्ने यकिन गरिन्छ।

### के-के छन् फिजियोथेरापीका फाइदाहरु ?

फिजियोथेरापीको मुख्य फाइदा भनेको नै औषधिको प्रयोगविना नै स्वास्थ्य समस्याबाट मुक्ति मिल्ने गर्छ। औषधिको प्रयोग नहुने भएकोले यसमा कुनै साइडइफेक्टको जोखिम हुँदैन। त्यसैले औषधिको प्रयोगमा हुने कुनै पनि प्रतिक्रियाबाट बच्न सकिन्छ। फिजियोथेरापीको अर्को फाइदा भनेको शारीरिक स्फूर्ति बढ्नुका साथै मान्छेको यसले सक्रिय जीवन र रोग प्रतिरोधी क्षमता वृद्धि गर्न समेत भूमिका खेल्छ। फिजियोथेरापीले रोगसँग लड्ने क्षमता बढाउनुका साथै सरुवा रोगको जोखिम समेत घटाउँछरु। यसमा शारीरिक व्यायामलाई केन्द्रित गरिने हुँदा दीर्घरोगीका लागी समेत राम्रो मानिन्छ।

*अनलाइनखबरबाट साभार।*

## साप्ताहिक खेल खबर

मैत्रीपूर्ण फुटबल

# बंगलादेश विरुद्ध नेपालको जित



**काठमाडौं** - नेपालले बंगलादेशसँगको पहिलो अन्तर्राष्ट्रिय मैत्रीपुर्ण खेलमा जित हात पारेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार भएको खेलमा नेपालले बंगलादेशी महिला टोलीलाई २-१ ले पराजित गरेको हो।

नेपालको लागि दुवै गोल डेब्यु खेलाडी सविता राना मगर र प्रीति राईले गरे। बंगलादेशका लागि तोहुरा खातुनले सान्त्वना गोल गरिन्।

खेलको १४ मिनेटमा सविताले नेपाललाई अग्रता दिलाइन्। सविताले राइट विंगर बिमला चौधरीको पासमा हेडिङ गोल गरेकी हुन्। बंगलादेश गोलरक्षक रुप्ना चक्मा अगाडि बढेको फाइदा उठाउँदै सविताले राष्ट्रिय महिला फुटबल टोलीबाट पहिलो खेलमा पहिलो गोल गरेकी हुन्।

खेलको २४ मिनेटमा १६ वर्षकी खेलाडी प्रीति राईले डेब्यु गोल गरेकी हुन्। प्रीतिले मिडफिल्डर सरु लिम्बूको पास सदुपयोग गर्दै डिबक्स एसिया नजिकैबाट सुन्दर गोल गरिन्। उनको गोलसँगै नेपाल पहिलो हाफमा २-० को अग्रता बनायो।

बंगलादेशकि तोहुरा खातुनले सान्त्वना गोल गरिन। खातुनले ८१ मिनेटमा गरेको प्रहार नेपाली डिफेण्डर अमृता जैसीलाई छुदै गोल भएको थियो।

नेपाल र बंगलादेश दुवैले एएफसी महिला एसिया कप छनोटको तयारी स्वरूप दुई मैत्रीपूर्ण खेल खेलेका हुन्।

दोस्रो मैत्रीपुर्ण खेल दोस्रो खेल आइतबार साँझ ५ बजे त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ।

उज्वेकिस्तानमा आयोजना हुने एएफसी कप २०२२ छनोट अघि नेपाल र बंगलादेशले दुई मैत्रीपुर्ण खेल खेलेको हो। नेपाली महिला टोलीले सन् २०२२ मा भारतमा हुने एसियन कपको छनोटका लागि उज्वेकिस्तानमा दुई खेल खेल्नेछ।

उज्वेकिस्तानमा हुने छनोटमा नेपालले १८ सेप्टेम्बरमा फिलिपिन्स र २१ सेप्टेम्बरमा हङकङको सामना गर्नेछ।



## कुण्ठा..................

देशप्रति जिम्मेवारीबोधले युक्त हुनैपर्दछ । नत्र भने नेताको स्वार्थमा आफ्नै दाजुभाइ लड्ने र लडाउने प्रक्रिया निरन्तर चलिरहनेछ ।

*अनलाईनखबरबाट साभार ।*

## जग्गाधनीलाई.....

बैशाख २५, दोस्रो पटक विस २०७७ कार्तिक मसान्त र तेस्रो पटक विस २०७८ बैशाख २५ गते समय थप गरिएको थियो ।

बागलुङ नगरपालिकाले नगर विकास कोषसँगको समन्वयनमा आठ करोड ८० लाख रुपियाँमा ठेक्का सम्झौता गरेको थियो । नगर विकास कोषसँगको ९० प्रतिशत ऋण लगानी नेपाल सरकारको साढे सात प्रतिशत र नगरपालिकाले साढे दुई प्रतिशत आर्थिक दायित्वको व्यवस्थापन गरेको छ ।

निर्माण कम्पनीले २०७६ सालको मंसिरमा काम सक्ने गरी जिम्मेवारी पाएको थियो । बसपार्कमा टर्मिनल भवन, व्यापारिक भवन, भूमिगत ट्याक्सी पार्कलगायतको संरचना तयार गरिएको छ । बसपार्कमा कम्तीमा ७० वटा बस पार्किङ गर्न सकिने र साना सवारी साधनका लागि समेत सहज पार्किङको व्यवस्था हुनेछ ।

## जनप्रतिनिधिले......

पार्टीमा सनाखत गर्नुभयो ।

अधिकांस जनप्रनिधि दल परिवर्तनको सनाखत गर्न नआए पछि साविककै दलमा सुचिकृत भए । स्थानीय तहको निर्वाचनबाट बागलुङ नगरपालिकामा कार्यापालिका सदस्यसहित ६०, काठेखोला गाउँपालिकामा २३, ढोरपाटन नगरपालिकामा १८, तमानखोला गाउँपालिकामा पाँच, बडिगाड गाउँपालिकामा २९, जैमिनी नगरपालिकामा एक जना तथा जिल्ला समन्वय समितिमा दुई जना जनप्रनिधि सूर्य चिह्नबाट निर्वाचिन भएका थिए ।

स थानीय तहको निर्वाचनमा चुनावी तालमेल गरी फरक पार्टीको निर्वाचित चिह्नबाट चुनाव जितेको अन्य जनप्रतिनिधि पनि एमालेमै रहने बताएका छन् । राष्ट्रिय जनमोर्चाको गिलास चिह्नबाट जैमिनी नगरपालिका-४ को वडाध्यक्षमा निर्वाचित चक्रबहादुर थापाले नेकपा -एस) पार्टीमा सामेल हुनु बताउनुभएको छ ।

गिलास चिह्नबाट चुनाव जितेको हुँदा उहाँले दल रोज्न पाउनुभएन । उहाँ एमाले जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो । अन्य स्थानीय तहमा फरक चुनाव चिह्नबाट चुनाव जितेको एमाले नेताहरुले दल परिवर्तन गरेको सार्वजनिक गरेका छैनन् ।

### *काँग्रेसको वडा अधिवेशन*

# वडा सभापतिमा युवाको वर्चश्व

**जननिगरानी संवाददाता**
**बागलुङ**

नेपाली काग्रेस बागलुङले जिल्लाको ८५ वटै वडामा सर्वसम्मत नेतृत्व चयन गरेको छ ।

भदौ २१ गतेदेखि सुरु भएको वडा अधिवेशनले आगमी चार बर्षको लागि नयाँ नेतृत्व चयन गरेको हो । यस पटकको अधिवेशनबाट अधिकांस वडामा युवाहरुले पार्टी सभापतिको नेतृत्व सम्हालेका छन् ।

पार्टी सभापतिमा युवाहरुको वर्चश्व रहे पनि महिला सहभागीता छैनन् । दश वटै स्थानीय तहको कुनै पनि वडामा महिलाहरुले नेतृत्व लिएका छैनन । अधिकांस महिला प्रतिनिधिको रुपमा सहभागी भएका छन् । सिमित वडामा बाहेक अन्य वडामा ४० बर्ष मुनीका युवाहरुले पार्टी नेतृत्व सम्हालेको जिल्ला पार्टी सभापति दिपेन्द्रबहादुर थापाको भनाई छ ।

नयाँ जोश, जाँगर र उत्साहका साथ वडा सभापतिको जिम्मेवारी सम्हालेका युवाको नेतृत्वले काग्रेसको संगठनलाई बलियो र गतिशिल बन्ने सभापति थापाको विश्वास छ । विगतको प्रदेशसभा र प्रतिनिधिसभामा बागलुङको सबै निर्वाचन क्षेत्रमा काग्रेस पराजित भएको थियो । स्थानीय तहको निर्वाचनमा दुई नगरपालिका र दुई गाउँपालिकामा नेपाली काग्रेस विजय भएको थियो ।

काठेखोला गाउँपालिकाका नवनिर्वाचित ३० बर्षिय वडासभापति गणेश नेपालीले नेपाली काग्रेसले पार्टी नेतृत्वमा युवाहरुलाई जिम्मेवारी दिनु सुःखद भएको बताउनुभयो । ‘छिटफुट बाहेक सबै वडाका युवाले नेतृत्व लिएका छन’ उहाँले भन्नुभयो- ‘काग्रेसलाई गतिशिल र पहिलो पार्टी बनाउन युवाको नेतृत्व सफल हुनेछ ।

स्थानीय तह, प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्र र जिल्ला नेतृत्वमा पनि युवाहरुको नेतृत्व स्थापित हुने नेपालीको विश्वास छ । पार्टीमा क्रियाशिल युवाहरुलाई काग्रेसले विश्वास गरेको नेपालीको प्रतिक्रिया छ ।

# १७ व्यवसायीलाई कारवाही

**बागलुङ** - मुल्यसूची नराखी फुलफूल तथा तरकारी बेच्ने बागलुङ बजारका १७ जना व्यापारीलाई कार्वाही गरिएको छ । मध्यपहाडी लोकमार्ग एक सातादेखि अवरुद्ध हुँदाको मनलाग्दी ढंगले फलफूल र तरकारीको मुल्यवृद्धि भएको गुनासो पछि भएको बजार अनुगमन टोलीले आफु अनुकुल मुल्य लिने व्यवसायीलाई कार्वाही गरेको हो । जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यलय, जिल्ला प्रहरी कार्यलय, बागलुङ नगरपालिका, राष्ट्रिय उपभोक्ता मञ्च र पत्रकारको टोलीले संयुक्त रुपमा बजार अनुगमन गरेको थियो ।

मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदा वैकल्पिक मार्गको प्रयोग गरेर फलफूल तरकारी ढुवानी गरेको बहाना बनाउँदै व्यवसायिले मनपरी ढंगले मुल्य लिएको गुनासो बढेको थियो । यातायात नियमित संचालन भएको समयमा ६० रुपियाँ प्रति किलो पाईने गोलभेडालाई लोकमार्ग अवरुद्ध भए पछि प्रतिकिलो एक सय २० रुपियाँ लिने गरेका थिए । मुल्यसूची नराखी बेच्ने १७ पसललाई ५ सयको दरले जरिवाना असुली गरिएको जिल्ला प्रशासन कार्यालय बागलुङका नायव सुब्बा रामप्रसाद शर्माले जानकारी दिनुभयो । दर्ता विना चोकचोकमा फलफूल तथा तरकारी वेच्नेहरुका कारण दर्ता भएका व्यवसायी मारको व्यवसायिलको गुनासो छ ।

अधिकांश किराना पसलले विना इजाजत फलफूल तथा तरकारी बेच्ने गरेका छन् । जुन शिर्षकमा पसल दर्ता गरिएको हो सोही अनुसार व्यवसाय गर्नुपर्ने कानूनी प्रावधान रहेपनि विना इजाजत फलफूल र तरकारी बेच्ने गरेको उपभोक्ता मञ्चका अध्यक्ष शैलेन्द्र श्रेष्ठले बताउनुभयो ।

---

स्थानीय निर्वाचनमा बागलुङ नगरपालिकामा एमालेबाट जनकराज पौडेल, ढोरपाटन नगरपालिकाबाट देवकुमार नेपाली, उपप्रमुख करमति पुन, काठेखोला गाउँपालिका अध्यक्षमा अमरबहादुर थापा, बडिगाड गाउँपालिका अध्यक्षमा मेयरसिंह पाईजा र जैमिनी नगरपालिका उपमेयरमा लिला राना विजय हुनुभएको थियो । एमालेबाट निर्वाचित पालिका प्रमुख तथा उपप्रमुख साविक एमालेमै रहनुभएको छ ।

# ‘गोल्डेन बृज’ नामाकरण



**जननिगरानी संवाददाता**
**बागलुङ**

बागलुङ-पर्वत जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माण गरिएको लामो झोलुङ्गे पुललाई ‘ गण्डकी गोल्डेन बृज’ नामाकरण गरिएको छ ।

बागलुङ नगरपालिकाले छ महिना अघि विश्वकै लामो दावी गरिएको झोलुङ्गे पुलको नामाकरण गर्न सार्वजनिक अपिल गरेको थियो ।

नगरपालिकामा प्राप्त नाम मध्ये बागलुङ नगरपालिका-५ मालिका निवासी घनश्याम सापकोटाले तयार गरेको ‘गण्डकी गोल्डेन ब्रिज’ नामाकरण गर्ने निर्णय भएको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । मंगलबार सम्पन्न कार्यापालिका बैठकले उक्त नाम राख्ने निर्णय गरेको थियो ।

पहिलो चरणमा नगरपालिकाले उत्कृष्ट दश नाम छनौट गरेको थियो । पुलको नाम तयार गर्ने व्यक्तिलाई नगरपालिकाले २५ हजार रुपियाँ नगद राशी उपलब्ध गराउने घोषण गरेको थियो ।

बागलुङ नगरपालिका-१ रामरेखादेखि पर्वतको कुस्मा नगरपालिका-१ अदुवाबारी जोड्ने कालिगण्डकी नदी माथी हालै निर्माण गरिएको ५६७ मिटर लामो पुल नगरपालिकाले विश्वकै लामो दाबी गर्दै गिनिज बुकमा दर्ता गराउन निवेदन दिएको छ । पुलले एकसाथ ६१२ अर्थात ८५ मेट्रिकटन लोड धान्न सक्छ ।

पुलमा बत्ती जडान गरिएकाले रातिको समयमा समेत पर्यटकलाई आकर्षित गर्ने गरेको छ । पर्वतको पाङ र बागलुङ बजार ओहोरदोहोरमा सहजताका लागि बनाइएको पुल उद्धाटनपश्चात् आन्तरिक पर्यटकको रोजाइँमा पर्ने गरेको छ ।







